हिमाली सुस्केरा

राष्ट्रिय साप्ताहिक

वर्ष : २४, अङ्क : ५१, २०८३ भदौ २१ गते आइतवार (6 Sept. 2026) मूल्य रु. ३०।-



बाला त्रिपुरा सुन्दरी मन्दिरमा श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञ भव्य भैरहेकोछ।

विपद्को सामना गर्न एमालेको प्रस्ताव र रास्वपाको तयारी

सुस्केरा समाचारदाता

डोल्पा, भदौ । नेकपा (एमाले) ले विपद्को सामनाका लागि सात बुँदे प्रस्ताव राखेको छ ।

आजको प्रतिनिधिसभा बैठकमा संसदीय दलका नेता रामबहादुर थापा बादलले विपद्को समिक्षा आवश्यक रहेको भन्दै सात बुँदे प्रस्ताव राख्नु भएको छ । प्रधानमन्त्रीले एकांकी शासनशैलीमा नहिडि सबैलाई साथ लिएर विपद्बाट भएको क्षतिको विकासमा गुणात्मक परिवर्तन गर्नुपने बताउनु भयो ।

सदनलाई निरन्तर जानकारी गरा उनुपर्ने भनाइ बादलको छ ।

यस्तो छ एमालेको प्रस्ताव

१. राज्यको प्रमुख नेतृत्व, प्रधानमन्त्रीज्यूले आफ्नो एकाङ्गी शासन शैलीमा गुणात्मक परिवर्तन गर्नुपर्दछ ।

संसद् प्रति पूर्णतः उत्तरदायी हुनुपर्दछ र संसद्लाई सरकारको योजनाबारे निरन्तर जानकारी गराउनुपर्दछ ।

२. राष्ट्रिय सहमतिबाट नै विद्यमान सङ्कटको सामना गर्न सकिन्छ । त्यसै ले सरकारले राजनीतिक दल, नागरिक समाज तथा विज्ञहरूको सर्वपक्षीय संयन्त्रको निर्माण गर्न पहल गर्नुपर्दछ । सामूहिक र सङ्गठित प्रयासले मात्रै हामीले यो सङ्कटको सामना गर्न सक्दछौं ।

३. सभामुखज्यूले सरकारलाई सचेत तथा सहयोग गर्न विशेष संसदीय समिति गठन गर्नुपर्दछ ।

.... .पेज नं. ८ मा

पत्रकारिता पुरस्कारको अक्षयकोष

रासस

काठमाडौं, भदौ । धर्म, संस्कृति, अध्यात्म, पुरातत्व, इतिहास, भूगोल लगायत नेपाली मौलिकतालाई प्रवर्द्धन गर्ने विषयमा कलम चलाउने नेपाली पत्रकारलाई पुरस्कृत गर्ने गरी धार्मिक, सांस्कृतिक पत्रकारिता पुरस्कार अक्षय कोष स्थापना शुभारम्भ गरिएको छ । धार्मिक, सांस्कृतिक पत्रकार समाज, नेपाल (रेक्जोन) नेतृत्वमा पुरस्कार अक्षयकोष स्थापना शुभारम्भ गरिएको हो ।

गोकर्णेश्वर नगरपालिका-५ निवासी कोमलप्रसाद लामिछानेले बीज स्रो तका रुपमा ५० हजार दिएपछि पुरस्कार कोष शुभारम्भ गरिएको हो । पुरस्कार कोष शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै बागमती प्रदेशका उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्री राजेन्द्र प्रजापतिले संस्कृति बचाउन संस्कार महत्वपूर्ण विषय भएकाले त्यसको संरक्षणका पक्षमा कलम चलाउने पत्रकारलाई प्रोत्साहन

.... .पेज नं. ८ मा

२५० विद्यार्थी र १६ शिक्षक बेपत्ता

सुस्केरा समाचारदाता

नुवाकोट, भदौ । भदौ १० गते भोटे कोशी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट र धादिङ जिल्लाका २ सय ५० जना विद्यार्थी बेपत्ता भएका छन् । बाढीमा परेर १६ जना शिक्षक पनि बेपत्ता भएका छन् ।

शिक्षा तथा खेलकुद मन्त्रालयले मंगलबार दिएको पछिल्लो जानकारी अनुसार सबै जिल्लाका गरेर दुई सय ३३ विद्यार्थी बेपत्ता भएका छन् भने १७ जनालाई बाढीले बगाएको पुष्टि भएको हो ।

अझै पनि खोजी र उद्धारको कार्य जारी रहेकाले यो सङ्ख्या अझै बढ्न सक्ने बताइएको छ । मन्त्रालयको तथ्याङ्क अनुसार रसुवाको निलकण्ठ माध्यमिक विद्यालयका सबैभन्दा धेरै विद्यार्थी र शिक्षकको क्षति भएको छ ।

.... .पेज नं. ८ मा

कृष्णभीरमा अस्थायी डाइभर्सन

सुस्केरा समाचारदाता

डोल्पा, भदौ । सडक भासिएको सात दिनपछि कृष्णभीरमा २ सय ५२ मिटर को डाइभर्सन ट्यार्क खोलिएको छ, तर ग्रेड मिलाउने, पानी व्यवस्थापन र भित्ता सुधारलगायत काम पूरा गर्न अझै एक साता लाग्नेछ ।

जटिल भूगोल र बाढीको जोखिमका कारण भासिएको सडकभन्दा माथि भित्तो काटेर ट्यार्क बनाइएको हो, जहाँ तत्काल कालोपत्र नगरी ग्राभेल गरेर दुईतर्फी सवारी सञ्चालन गरिनेछ ।

पृथ्वी राजमार्ग अवरुद्ध भएपछि सवारी साधनलाई कान्ति राजमार्ग र त्रिभुवन राजपथतर्फ डाइभर्ट गरिएको छ भने वैकल्पिक ट्यार्क निर्माणको काम पनि अघि बढाइएको छ ।

सडक भासिएको ७ दिनपछि कृष्णभीर मा डाइभर्सन ट्यार्क खोलिएको छ । तर सवारीसाधन सञ्चालनमा आउन

.... .पेज नं. ८ मा

महायज्ञमा दान गर्नेहरु बढ्दै

विष्णुप्रसाद देवकोटा

डोल्पा, भदौ । त्रिपुरासुन्दरी नगर पालिका-१ स्थित बाला त्रिपुरा सुन्दरी भगवती मन्दिर परिसरमा जारी श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञमा श्रद्धालु तथा शुभेच्छुकहरूले उत्साहजनक रूपमा नगद सहयोग गरेका छन् ।

महायज्ञमा थानेश्वर पनेरुले २१ हजार, रत्न कुलालले २१ हजार, नरभूम शाहीले ११ हजार १ सय ११, भानुभक्त उपाध्यायले ५ हजार १ सय ५५, तेछुं निर्माण सेवा प्रालिका ओम रोकाले १० हजार १ सय, हरिप्रसाद रोकायाले ५ हजार ५ सय ६५ र टिकादत्त न्यौपानेले १ लाख २१ हजार १ सय ११ रुपैयाँ सहयोग गरेका छन् ।

त्यस्तै नन्दबहादुर शाहीले ५ हजार १ सय, बवि किशोर गुरुङले १० हजार १ सय २५, यज्ञप्रसाद उपाध्यायले १० हजार १ सय ५, गंगालक्ष्मी उपाध्यायले १० हजार १ सय ५, मनलक्ष्मी देवकोटाले ५ हजार ५ सय, हरिचन्द्र हमालले ११ हजार ५, रामप्रसाद देवकोटाले ११ हजार ५५ र रामबहादुर गुरुङले ५ हजार १ सय ५ रुपैयाँ सहयोग गरेका छन्।

यसैगरी सर्जन राज श्रेष्ठले ११ हजार १

.... .पेज नं. ८ मा

विभिन्न विश्वविद्यालयहरुमा रजिष्टार नियुक्त

सुस्केरा समाचारदाता

काठमाडौं, भदौ । सरकारले त्रिभुवन विश्वविद्यालय (त्रिवि) सहित छ विश्वविद्यालयमा रजिस्ट्रार नियुक्त गरेको छ । प्रधानमन्त्री तथा विश्वविद्यालयका कुलपति बालेन्द्र शाहले सम्बन्धित विश्वविद्यालयका उपकुलपतिको सिफारिसमा शिक्षाध्यक्ष र रजिस्ट्रार नियुक्त गर्नुभएको हो ।

जसअनुसार त्रिभुवन विश्वविद्यालयको शिक्षाध्यक्षमा प्रा.डा. अञ्जना महर्जन सिंह र रजिस्ट्रारमा प्रा. रवीन्द्र शिवाकोटी नियुक्त हुनुभएको छ । शिवाकोटी त्रिविको शिक्षा शास्त्र संकायका प्राध्यापक हुनुहुन्छ भने सिंह विज्ञान संकायकी प्राध्यापक हुनुहुन्छ ।

त्यस्तै, पूर्वाञ्चल विश्वविद्यालयको र जिस्ट्रारमा प्रा.डा. पन्ना थापा, पोखरा विश्वविद्यालयको रजिस्ट्रारमा प्रा.डा. निर्मला जमरकट्टेल र सुदूरपश्चिम विश्वविद्यालयको रजिस्ट्रारमा प्रा.डा. तारादत्त भट्ट नियुक्त हुनुभएको छ ।

मध्यपश्चिम विश्वविद्यालयको र जिस्ट्रारमा सहप्राध्यापक डा. सुदिप ठकुरी तथा राजर्षि जनक विश्वविद्यालयको रजिस्ट्रारमा डा. जीवन काफ्ले नियुक्त हुनुभएको छ । नवनियुक्त शिक्षाध्यक्ष तथा रजिस्ट्रारहरूले शिक्षा तथा खेलकुद मन्त्रालयमा आयोजित कार्यक्रममा पद तथा गोपनीयताको शपथ लिइसक्नु भएको छ ।

शपथ ग्रहण कार्यक्रममा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विश्वविद्यालय सुधार तथा सर्वाङ्गीण विकासका लागि टिमवर्क र प्रभावकारी समन्वयका साथ काम गर्न नवनियुक्त पदाधिकारीलाई निर्देशन दिनुभयो । उहाँले उच्च शिक्षा

.... .पेज नं. ८ मा

विपद्को सामना ....

४. अन्तर्राष्ट्रिय सहयोग, क्षतिपूर्ति तथा समन्वय गर्न सरकारले परराष्ट्र मन्त्रीको नेतृत्वमा विशेष कार्यदल गठन गर्नुपर्दछ ।

५. सरकारले युद्धस्तरमा उद्धार तथा राहत कार्यका लागि रक्षामन्त्रीको नेतृत्वमा युनिफाइड स्पेशल टास्क फोर्स गठन गर्नुपर्दछ ।

६. सरकारले पुनर्निर्माणका लागि अर्थमन्त्रीको नेतृत्वमा विशेष कार्यदल गठन गर्नुपर्दछ ।

७. जलवायु परिवर्तनबाट उत्पन्न सङ्कटको सामना गर्न अन्तर्राष्ट्रिय ऐक्यबद्धता तथा आवश्यक रणनीति तय गर्न 'सगरमाथा संवाद'को दोस्रो संस्करणलाई सरकारद्वारा अगाडि बढाउन आवश्यक छ ।

त्यसै गरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भोटेकोशी नदीमा आएको भीषण बाढीपछिको विपद् व्यवस्थापनमा सरकारलाई बल पुग्ने गरि काम गर्ने निर्णय गरेको छ ।

बिहीबार पार्टी कार्यालय बनस्थलीमा बसेको रास्वपा सचिवालय बैठकले भोटेकोशी नदीमा आएको भीषण बाढी र त्यसबाट सिर्जित अवस्थाबारे समिक्षा गर्दै विपद् व्यवस्थापनमा सरकारलाई बल पुग्ने गरि काम गर्ने निर्णय गरेको हो ।

बैठकमा सरकारमा पार्टीको प्रतिनिधित्व गरिरहनुभएका उपसभापति एवम् अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले खोजी, उद्धार, र ाहत तथा सरकारी कार्यप्रगतिको जानकारी गराउनु भएको थियो । विपद् व्यवस्थापन तथा राहतका लागि सरकारको कोषमा हालसम्म ८ अर्ब रुपैयाँ संकलन भएको जानकारी प्राप्त भएको रास्वपा प्रवक्ता जगदिश खरेलले जानकारी दिनु भएको थियो ।

त्यस्तै सिमित स्रोतसाधनका बावजुद सरकारले उद्धार र राहतमा देखाएको अगुवाई र तदारुकताप्रति सचिवालय बैठकले सन्तोष व्यक्त गर्दै धन्यवाद दिएको उहाँको भनाइ छ । खोजी र उद्धारलाई निरन्तरता दिँदै अब प्रभावितहरूको पुनर्स्थापना तर्फ पनि सँगसँगै तयारी अघि बढाउनुपर्नेमा बैठकले जोड दिएको प्रवक्ता खरेलले बताउनु भयो ।

विभिन्न ....

सुधारका लागि उपकुलपति, रजिस्ट्रार लगायत विश्वविद्यालयका पदाधिकारीबीच बलियो सहकार्य आवश्यक रहेको बताउनुभयो ।मन्त्री पोखरेलले विश्वविद्यालयलाई उत्कृष्ट र अनुसन्धानमुखी संस्थाका रूपमा विकास गर्न सबै जिम्मेवार भएर लाग्नुपर्नेमा जोड दिँदै मन्त्रालयबाट आवश्यक सहजीकरण गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

शिक्षा मन्त्रालयका सचिव चुडामणि पौडेलले विश्वविद्यालयको रूपान्तरण र कामलाई परिणाममुखी बनाउन नवनियुक्त पदाधिकारीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो। मन्त्रीका सल्लाहकार शैलेन्द्र भाले शैक्षिक गुणस्तर, परीक्षा प्रणाली सुधार तथा विश्वविद्यालयको क्षमता अभिवृद्धिमा सक्रिय भूमिका खेल्नुपने बताउनुभयो ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा भोला थापाले विश्वविद्यालयबीच प्रभावकारी समन्वय गर्दै गुणस्तरीय जनशक्ति उत्पादनमा केन्द्रित हुनुपने बताउनुभयो ।पोखरा विश्वविद्यालयकी नवनियुक्त रजिस्ट्रार प्राडा निर्मला जमरकट्टेलले आफूलाई प्राप्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रममा विभिन्न विश्वविद्यालयका उपकुलपति, मन्त्रालयका उच्च अधिकारीलगायतको उपस्थिति थियो ।

महायज्ञमा दान .....

सय ११, दीपक खड्काले ५ हजार १ सय, चन्द्र खड्काले ५५ हजार ५ सय ५५, विष्णुकान्त न्यौपानेले ११ हजार, युवराज पुनले ५ हजार ५०, बसन्ती रोकाया शर्माले दुई पटक गरी ५ हजार ५० रुपैयाँका दरले जम्मा १० हजार १ सय, दरी कठायतले ५ सय ५, बाले बोहोराले ५ हजार ५ सय ५५, कमल बुढाले १० हजार १ सय ५०, काव्या श्री हमालले ५ हजार ५ सय र रिठे सार्कीले १ हजार ५ रुपैयाँ सहयोग गरेका छन्।

महायज्ञमा २१ हजार देखि १ लाख रुपैयाँ भन्दा बढी सहयोग गर्ने दानदाताहरुलाई विशेष सम्मान गरिएको थियो । एकलाख एक्काईश हजार दान गर्ने टिकादत्त न्यौपाने लाई 'सभानायक' अर्थात् 'दानवीर' घोषणा गरी पञ्चेबाजागाजासहित यज्ञ परिसरको प्रदक्षिणा गराएर विशेष सम्मान तथा प्रमाणपत्र प्रदान गरिएको छ । गएको बिहिबारसम्म दान गर्ने दान दाताहरु को विवरण हो ।

२५० विद्यार्थी र ....

निल्कण्ठ स्कुलका दुई सय विद्यार्थी हराइरहेका छन् । सोही विद्यालयका चार जना शिक्षक पनि हराईरहेका छन् । रसुवाकै कोमीस्यामे वाइफेल माध्यमिक विद्यालयका १६ जना विद्यार्थीलाई बाढीले बगाएको छ । उक्त विद्यालयका एक जना शिक्षक लाई पनि बाढीले बगाएको शिक्षा मन्त्रालयले सुनिश्चित गरेको छ ।

नुवाकोट जिल्लाको चण्डेश्वरी माध्यमिक विद्यालयका पनि १२ जना विद्यार्थी हराईरहेका छन् । सोही विद्यालयका एक जना शिक्षक बाढीले बगाएको मन्त्रालयले जनाएको छ ।

रसुवाको नेपाल राष्ट्रिय आधारभूत विद्यालयका ६ जना शिक्षक तथा रसुवाकै चिप्लेटी आधारभूत विद्यालयका चार जना विद्यार्थी हराईरहेका छन् । रसुवाकै नव विजय माध्यमिक विद्यालयका दुई जना शिक्षक बाढीमा परेर हराईरहेका छन् ।

रसुवाकै हाइल्याण्ड सेकेण्डरी स्कुलका छ जना र गोसाईकुण्ड अंग्रेजी बोर्डिङ स्कुलका नौ जना विद्यार्थी बाढीमा परेर वेपत्ता छन् ।

धादिङको देउराली माध्यमिक विद्यालय, पाल्पा सामरी भन्ज्याङ माध्यमिक विद्यालय र पशुपति माध्यमिक विद्यालयका एक एक जना शिक्षक बेपत्ता भएका छन् । धादिङै न्यू किबो बोर्डिङ स्कुलका एक जना विद्यार्थी हराईरहेको पनि मन्त्रालयले जनाएको छ ।

कृष्णभीरमा ....

भने अझै एक साता लाग्नेछ ।

भासिएको खण्डको २ सय ५२ मिटर ट्यार्क खोलिएको सडक विभागका महानिर्देशक विजय जैसीले बताए । 'ट्यार्कले राजमार्ग जोडिएको छ,' उनले भने, 'ट्यार्क खोले पनि धेरै काम अझै गर्न बाँकी छ ।' अहिलेलाई निर्माणमा प्रयोग हुने मेसिन हिँड्ने सडक बनेको उहाँले बताउनु भयो ।

ट्यार्क खोल्ने काम भने पूर्वाधार विकास मन्त्रालयअन्तर्गत सडक विभाग मार्फत नेपाल जियो टेक्निकल सोसाइटीले गरेको हो । छिटो ट्यार्क खोल्न विभागले सोसाइटीसँग समझदारीपत्र (एमओयू) मा हस्ताक्षर गरेर काम अघि बढाएको थियो ।

जटिल भूगोल भए पनि अन्तिम विकल्पका रुपमा भासिएको सडकभन्दा माथि भित्तो काटेर ट्यार्क बनाउने काम भएको जियो टेक्निकल इन्जिनियर राजन केसीले बताए । 'सडक भासिएदेखि नै हामी यही छौं, यो २५/२६ वर्षअघि पहिरो आइरहेको खण्ड हो,' उनले भने, 'खोलापट्टिबाट काम गर्न सक्ने अवस्था थिएन, फेरि बाढी आउने जोखिम भएकाले भित्तो नै काटेर ट्यार्क खोलिएको हो ।'

पत्रकारिता पुरस्कारको .....

र प्रेरणा दिन पुरस्कार कोषले योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

वैदिक सनातन धर्म, संस्कृतिको रक्षा गरिनुपर्ने उल्लेख गर्नुहुँदै उहाँले समाजले धर्मलाई अङ्गालेपछि नै यसको रक्षा हुने बताउनुभयो । पूर्वगृह राज्यमन्त्री एवं नेपाल महर्षि वैदिक फाउण्डेसनका अध्यक्ष दीपकप्रकाश बाँस्कोटाले धर्म, संस्कृति लोप हुँदै गएको अवस्थामा यस विधामा कलम चलाउने पत्रकारका लागि पुरस्कार को व्यवस्था हुनु स्वागतयोग्य कदम भएको धारणा व्यक्त गर्नुभयो ।

पुरस्कार कोषका लागि बीज स्रोत उपलब्ध गराउनुहुने लामिछानेले पत्रकारितामा धर्म, संस्कृतिको विधपछि परेको देखेपछि सुरुमा ५० हजार प्रदान गरी आउँदा दिनमा रकम थप गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो । समाजका अध्यक्ष पूर्णप्रसाद मिश्रले २०८४ साल पौष शुक्ल पूर्णिमादेखि पुरस्कार प्रदान सुरु हुने बताउनु भयो

सूचनाको हकः नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: सन्देश बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

सम्पादकीय

सकारात्मक सोच

मानिसको मन एक प्रकारको चालक हो । मनले नै मानिसलाई कहाँ पुर्‍याउने निश्चित गर्दछ । त्यस कारण कुनै पनि व्यक्तिलाई मनले नै सम्मानित ठाउँमा पुर्‍याउने वा अपमानित ठाँउमा पुर्‍याउने त्यस अनुसार हिडाएको हुन्छ । मानिसले कुनै पनि काम तथा व्यवहार गर्दा आफ्नो मनले जे सोच्छ व्यवहारमा त्यही गर्दछ । त्यसैले त मानिस मनोगडन्ते हुन्छ । मनले तानेको ठाउँमा जाने, मनले आँटेको गने , मनले जे भन्यो त्यसैलाई सोच विचार नगरी जस्तो परे पर्छ भनेर उतै लाग्ने गर्ने व्यक्तिहरु सफल र असफल दुबै हुन सक्छन् । उनीहरु एक्कासी कार्यान्वयनमा जाने पछिको परिणाम तथा नतिजाको कुनै ख्याल नगरीकन जे लाग्यो त्यही गर्ने आज्ञा मनले दिन्छ । मनबाट नआइकन कुनै पनि काम कार्यमा जान मानिसहरु सक्दैन । तर मानले जे भन्यो त्यही गर्न पनि विचारलाई अगाडि बढाएर विचारमा मन्थन गर्न सक्नु पर्छ । विचारमा गएर मन्थन गर्‍यो भने त्यसमा यथार्थ के हो भन्ने खोजी हुन्छ । त्यसबाट मनले सोचेका जति सबै कार्य सफल नहुन सक्छन् भनेर विचारमा गएर त्यसलाई कपटछान गर्नु आवश्यक हुन्छ । यसरी छानेर गरिने कार्य नै अति उत्तम भएर आउँछ र सधै सफलतामा पुर्‍याउछ ।

सबै भन्दा ठुलो कुरा मानिसहरुले आफूलाई कता लादैछु भन्ने कुरा मनलाई नियन्त्रण नगरीकन सोच्नै सक्दैन, मनलाई जब नियन्त्रण गर्न थाल्छ तब मात्रै मैले के गर्न लागेको छु भनेर आफ्नो मनलाई प्रतिप्रश्न गर्दछ । जसका कारण मनले पनि सोच्न बाध्य हुन्छ की, के म सही गर्दै छु ? यस प्रकारको प्रश्न उठेर जब मन्थनतिर जान्छ तब मात्रै सही र गलत निक्यौंल गरेर आफूलाई सही बाटोमा हिडाउनुका साथै आफ्ना साथीभाईहरुलाई पनि सही बाटो हिडाउन भरमग्दुर प्रयासरत रहन्छ । यस प्रकारको मतिबुद्धी बढ्ने वित्तिकै त्यो व्यक्तिले आफ्नो मात्र होइन समाज र देशको भलो सोच्न थाल्छ । यस प्रकार का व्यक्तिहरुको जमात बढ्दै गयो भने देश समेत सही दिशामा पुग्छ । अनि सफल राज्य बन्दछ ।

त्यस कारण मानिसको मनमा सद्‌वुद्धि पलाउनु आवश्यक छ । सधै अरुको कुभलो चिताउनेहरुलाई सद्‌वुद्धि भएको मानिदैन । किनकी उसले आफ्नो बाहेक अरुलाई राम्रो बाटो हिडेको देख्नै सक्दैन । उसले आफ्नो भलैभलो र अरुको कुभलैकुभलो होस भन्ने सोच राख्ने गर्दछ, यस प्रकारका मनिसहरु जब सरकारमा तथा जनप्रतिनिधिमा निर्वाचित हुन्छन् तब देशमा भाँडभैलो हुन्छ । अकर्मन्यता र स्वेच्छाचारिता बढ्दै गएर सत्ताको मातमा उनमत्त भएर मनपरि तरिकाले नियमकानुनलाई लत्याउदै आदेशात्मक रुपमा शासन चलाउन रुचाउछन् । यो पनि उनीहरुको दुष्ट मनका कारण हुने गर्दछ । यसैलाई भन्छन् । दानवी व्यवहार । सधै समाज तथा देश र जनताको भलो हुने कुरामा सो च्ने व्यवहार नै मानवी व्यवहार प्रमाणित हुन्छ । यसमा सोयम् व्यक्ति आफैले गम्भिर भएर सोच्नै पर्छ म कुन व्यवहार गर्ने मानिस भित्र परे भनेर, त्यही भएर चुन्ने बेला मतदाताहरुले अत्यन्त गम्भिर भएर सही मानवी तथा दैवी सोच भएकालाई चुन्नु पर्छ । सबैको चेत फिरोस ।

सोनम भुटी

विश्वविमोहन श्रेष्ठ
गोरखापत्रबाट

मेरो नाम हो
सोनम भुटी
म उपल्लो डोल्पामा बस्छु
नानीहरू पढाउँछु

च्याङ्गहरू चराउँछु
हरबिहान उदाउँदै गरेको
घामलाई हेर्छु र
'हे सूर्य !

मेरो देश पनि
तिमी जस्तै उज्यालो हओस्' भनेर
प्रार्थना गर्छु ।

मेरो नाम हो
सोनम भुटी
म उपल्लो डोल्पामा बस्छु ।
०००

मलाई देख्नुभएको छ ?
मेरो कद पनि
मेरो देशको आकार जस्तै
सानो छ ।

हिमाल छ
पहाड छ
तराई छ
र पूर्ण छ ।

आँखाहरू चिम्सा छन्
तर त्यसले देख्ने सपना
हिमाल जत्तिकै उँचो छ

गहिरिएर हेर्नु भो भने
गलामा मेरो
'सिमला' को माला
देख्नुहुने छ

आमाले भन्नुभएको
'बाबा' ले बडो प्रेमले
'चिनो' जोडेर राख्नुभएको
देख्नुभयो नि ?

मलाई यो
मेरो देश जस्तै
'प्यारो' लाग्छ ।
०००

कहिलेकाहीँ त लाग्छ
मेरो जुनी
हिमालको यही खोचमा बित्छ

फेरि डर लाग्छ
म बितेँ भने
मेरो देशलाई
कसले माया गर्छ ?

त्यसैले बिन्ती छ
मलाई बोलीमा नकेर्नुहोस्
भाषामा हैन
भावमा डुब्नुहोस्
मैले लाएको 'बक्खु'
शुभ्र सगरको .....

खेलकुद

अविरल घिमिरे विश्व च्याम्पियन

रासस

काठमाडौँ, भदौ । किक बक्सिङको इतिहासमा नेपाली युवा बक्सर अविरल घिमिरे 'हिमालयन चितुवा' ले पुनः एकपटक ऐतिहासिक सफलता हात पार्न सफल हुनुभएको छ ।

जापानको नागोया सहरको करिया हलमा आज साँझ सम्पन्न 'हिट किक बक्सिङ- ५९ अन्तरराष्ट्रिय खेलकुद किक बक्सिङ महासङ्ग, विश्व च्याम्पियनसिपको मेन इभेन्ट प्रतियोगितामा 'हिमालयन चितुवा' ले फ्रान्सका प्रतिस्पर्धी बक्सर माथन चोइनार्डलाई नक आउटमा पराजित गर्दै नयाँ इतिहास कायम गर्न सफल हुनुभएको हो ।

प्रतिस्पर्धी बक्सर चोइनार्ड सन् २०२५ का विश्व च्याम्पियन खेलाडी हुनुहुन्छ । उहाँ पराजित हुनु भएको हो ।

दोस्रो राउण्डको दोस्रो मिनेटमा बक्सर घिमिरले कडा मुक्का प्रहार गर्दै प्रतिस्पर्धी चोइनार्डलाई नकआउटमा पराजित गर्न सफल हुनुभयो ।

हालसम्म २९ अन्तर्राष्ट्रिय प्रतियोगिता मा भाग लिनुभएका उहाँ २१ खेलमा विजय हासिल गर्दा २० मा नकआउट गर्दै जित्ने एक मात्र नेपाली खेलाडी हुनुहुन्छ ।

नेपालको गौरव, नेपालको साहस र नेपाली शानलाई किक बक्सिङ खेलमार्फत देशको पहिचान अन्तर्राष्ट्रिय जगतमा पुऱ्याउने बक्सर घिमिरे नेपालको चम्किला तारा बन्नुभएको छ। विजय प्राप्त गरेपछि घिमिरेले हालै रसुवाको भोटेकोशी बाढीबाट उत्पन्न जनधनको अपूरणीय क्षतिप्रति दुःख व्यक्त गर्दै पीडितलाई सहयोग गर्ने जानकारी दिनुभयो । रासस

सुशासनमा साझा संकल्प

- श्यामप्रकाश मैनाली

..... सहभागिता र सरकारी जवाफदेहितासँग जोडेको छ । नेपालमा पनि डिजिटल शासन विस्तार भइरहेको छ । वेबसाइट र अनलाइन फाराम मात्र डिजिटल सुशासन हो इन । नागरिकले घरबाटै सेवा लिन सक्ने, आफ्नो आवेदनको अवस्था थाहा पाउने, निर्णयका कारण बुझ्न सक्ने र गुनासोको समयमै समाधान पाउने प्रणालीको विकास गर्नु पर्छ ।

सफल लोकतन्त्रको साझा अनुभव के हो भने त्यहाँ संस्था व्यक्तिभन्दा ब लिया हुन्छन् । राजनीतिक नेतृत्व परिवर्तन भए पनि प्रशासन चलिरहन्छ, सूचना सार्वजनिक हुन्छ, न्यायपालिका स्वतन्त्र रहन्छ, भ्रष्टाचार अनुसन्धान प्रभावकारी हुन्छ र नागरिकले सरकार लाई निर्भीकतापूर्वक प्रश्न गर्न सक्छन् ।

नेपालले चाल्नुपर्ने कदम

नेपालमा सुशासनका लागि केही सुधार अपरिहार्य छन् । राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र, पारदर्शिता र जवाफदेहिता स्थापित गर्नु पर्छ । कर्मचारीतन्त्रलाई राजनीतिक प्रभाववाट मुक्त गरी योग्यता, क्षमता र निष्पक्षतामा आधारित बनाउनु पर्छ । भ्रष्टाचार अनुसन्धान गने संस्थाको संस्थागत क्षमता, स्रोत र अनुसन्धान प्रणाली बलियो बनाउनु पर्छ । सार्वजनिक खरिद र सरकारी खर्चलाई पूर्णतः पारदर्शी बनाउँदै जोखिमयुक्त क्षेत्रमा डिजिटल निगरानी, खुला तथ्याङ्क र स्वतन्त्र अनुगमनको व्यवस्था गर्नु पर्छ ।

सूचनाको हकलाई व्यवहारमै प्रभावकारी बनाउनु आवश्यक छ । सूचना माग्ने नागरिकलाई शङ्काको दृष्टिले हेर्ने पुरानो प्रशासनिक संस्कार बाट उन्मुक्ति पाउनु पर्छ । सामाजिक सञ्जाललाई जिम्मेवार नागरिक सहभागिताको माध्यम बनाउँदै डिजिटल साक्षरता, तथ्य जाँच र जिम्मेवार अभिव्यक्तिको संस्कार विकास गर्नु पर्छ ।

नेपालमा सुशासनको चुनौती केवल कानुनी पक्षमा मात्र सीमित छैन । यो राजनीतिक संस्कार, संस्थागत कमजोरी र भ्रष्टाचारप्रतिको सामाजिक सहिष्णुतासँग गहिरिएर जोडिएको छ । यसको समाधानका लागि सरकारले पारदर्शी नेतृत्व दिनु पर्छ भने कर्मचारीतन्त्रले निष्पक्ष र जवाफदेही रूपमा कार्य कार्यान्वयन गर्नु पर्छ । त्यसै गरी न्यायपालिकाले स्वतन्त्र भएर कानुनको रक्षा गर्नु पर्छ, निगरानी गर्ने निकायले निर्भीकतापूर्वक काम गर्नु पर्छ र सञ्चार माध्यम तथा नागरिक समाजले तथ्यमा आधारित रहेर राज्यलाई निरन्तर प्रश्न गर्नु पर्छ । नागरिकले पनि भ्रष्टाचारलाई सामान्य रूपमा लिन छाड्नु पर्छ ।

वास्तविक सुशासन भनेको कुनै कागजी घोषणा वा कागजातमा सीमित कार्यक्रम होइन, यो त राज्यको दैनिक व्यवहारमा देखिने स्पष्ट संस्कार हो । प्रधानमन्त्रीदेखि सामान्य कर्मचारीसम्म र राजनीतिकर्मीदेखि नागरिकसम्म सबैले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गरेमा मात्र यसको बलियो आधार तयार हुन्छ । जब बलियो कानुनी व्यवस्था र सक्षम संस्था निर्माण हुन्छन्, तब मात्र भ्रष्टाचार र बेथिति नियन्त्रण हुन सक्छ । लोकतन्त्रको वास्तविक सफलता निर्वाचनको दिनमा मात्र सीमित हुँदैन तर जब नागरिकले राज्यका कार्यालयमा पुग्दा बिनाकुनै भनसुन, घुस वा दबाब सहज रूपमा कानुन अनुसार सेवा प्राप्त गर्छन्, तब मात्र सुशासनको वास्तविक अनुभूति हुन्छ । .... (गोपवाट)

संस्कृति, कला, बाल संशार



बाढी पीडितका लागि राहात संकलन गर्दै विद्यार्थीहरु ।

काँग्रेस इतरपक्षको महाधिवेशन हुने

सुस्केरा समाचारदाता

काठमाडौं, भदौ । नेपाली कांग्रेस संस्थापनइतर पक्षको १५ औं केन्द्रीय महाधिवेशन आगामी मंसिर २१, २२ र २३ गते काठमाडौंमा हुने भएको छ । महाधिवेशन तयारी समितिको बैठकले महाधिवेशनको मिति तथा विभिन्न तहका अधिवेशनको कार्यतालिका तय गरेको हो ।

तयारी समितिका संयोजक डा. शशांक कोइरालाको संयोजकत्वमा भदौ १७ गतेदेखि चुनदेवीस्थित सम्पर्क कार्यालयमा बसेको बैठकले महाधिवेशनसम्बन्धी विभिन्न निर्णय गरेको हो ।

बैठकले आगामी असोज १५ गते वडा अधिवेशन, असोज २० गते पालिका अधिवेशन, असोज २३ गते प्रदेशसभा निर्वाचन क्षेत्र तथा प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशन, कात्तिक १५ गते जिल्ला अधिवेशन र मंसिर ४ गते प्रदेश अधिवेशन गर्ने निर्णय गरेको छ ।

रसुवा, नुवाकोट र धादिङमा भने भोटेकोशी बाढीबाट प्रभावित भएका ले अधिवेशनको कार्यतालिका पछि प्रकाशित गरिने कांग्रेसले जनाएको छ । विदेशस्थित जनसम्पर्क समितिहरूको अधिवेशनसम्बन्धी कार्यतालिका आवश्यक परामर्शपछि सार्वजनिक गरिने भएको छ ।

बैठकले १५ औं महाधिवेशन सम्पन्न गर्न आवश्यक केन्द्रीय निर्वाचन समिति, क्रियाशील सदस्य छानबिन तथा व्यवस्थापन समिति, विधान संशोधन समिति र अनुशासन समितिलगायत समिति गठन गर्ने जिम्मेवारी संयोजक कोइरालालाई दिएको छ ।

त्यस्तै, नेपाल विद्यार्थी संघ, नेपाल तरुण दल, नेपाल दलित संघ, आदिवासी जनजाति महासंघ, नेपाल सांस्कृतिक महासंघ लगायत भ्रातृ तथा शुभेच्छुक संस्थाका तदर्थ समिति आवश्यक परामर्श गरी गठन गर्ने गरेको छ ।

सामान्य ज्ञान ५१

१.१५ औं साफ च्याम्पियनसिप पुरुष प्रतियोगिता कहिले आयोजना हुने भएको छ ?

☐ सन् २०२६ नोभेम्बर ४-१७, बङ्गलादेश

- पहिलो साफ च्याम्पियनसिप सन् १९९३ मा पाकिस्तानमा भएको थियो ।

२.नागरिक अगुवा तथा पूर्वमन्त्री डा. देवेन्द्रराज पाण्डेको निधन कहिले भएको हो ?

☐ विसं २०८३ साउन १ (८७ वर्षको उमेरमा)

३. नेपाल सरकार, मन्त्रीपरिषद्द्वारा राष्ट्रिय सदाचार नीति, २०८३ कहिले स्वीकृत गरिएको हो ?

☐ विसं २०८३ असार १८

४. छिन्नलता गीत पुरस्कार गुठीद्वारा छिन्नलता गीत विशेष सम्मान, २०८२ बाट कसलाई सम्मान गरियो ?

☐ वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ (पुरस्कार राशि : रु. एक लाख)

- गीत रचनातर्फ : वरिष्ठ गीतकार डा. नवराज लम्साल (पुरस्कार राशि : रु. एक लाख)
- सङ्गीत सिर्जनातर्फ : सङ्गीतकार किरण कँडेल (पुरस्कार राशि : रु. एक लाख)
- गायनतर्फ : गायिका विमला राई (पुरस्कार राशि : रु. एक लाख)
- युवा प्रतिभा पुरस्कार : गायिका सारिका घिमिरे (पुरस्कार राशि : रु. ५० हजार)

५.स्पेनमा करिब १५० वर्षपछि शासन गर्ने रानी बन्ने तयारीमा रहेकी उत्तराधिकारी को हुन् ?

☐ राजकुमारी लियोनोर (सन् २०२६)

देश संकटमा छ, पीडितका आँसु पुछ्न लागौं

- सन्तोषी रावल

नेपाल अहिले कठिन समयबाट गुज्रिरहेको छ । बाढी, पहिरो र प्राकृतिक विपत्तिले देशका विभिन्न भू-भागमा ठूलो जनधनको क्षति पुऱ्याएको छ । कतै घर बगेका छन्, कतै परिवारका सदस्य हराइरहेका छन्, कतै आफ्नै आँखाअगाडि वर्षौंको मेहनतले बनाएको संसार पानीको भेलसँगै बगेको छ । विपत्तिको यो घडीमा पीडितका लागि हरेक क्षण भारी बनेको छ । यस्तो अवस्थामा हामीले आफूलाई मात्र होइन, आफ्नो समाज र आफ्नो देशलाई सम्झनुपर्ने समय आएको छ । संकटका बेला राज्यको प्रयाससँगै नागरिकको साथ र सहयोग पनि उत्तिकै आवश्यक हुन्छ ।

हामीमध्ये धेरैजना सायद दुई दिनअघिसम्म आफ्नै संसारमा रमाइरहेका थियौं । सामाजिक सञ्जालमा हाँसो थियो, मनोरञ्जन थियो, उत्सव थियो । जीवन आफ्नै गतिमा चलिरहेको थियो । तर एकाएक आएको बाढीले त्यो रंगमञ्चको पर्दा झारिदियो । हिजोसम्म रमाइलो लागिरहेको संसार आज कसैका लागि अँध्यारो बनेको छ । कसैको घर छैन, कसैको परिवार छैन, कसैसँग फर्केर जाने ठाउँ छैन । हामीलाई लाग्थ्यो जीवन यस्तै चलिरहन्छ, तर प्रकृतिले एकै झट्कामा सम्झाइदियो- हामी कति असहाय छौं ।

आज पनि कतिपय आमाबुबा आफ्ना छोराछोरीको बाटो कुरिरहेका छन् । कतिपय छोराछोरी आफ्ना अभिभावक फर्किने आशामा छन् । कतै आफन्तले शव बुझ्न पाएका छैनन्, कतै बेपत्ता प्रियजनको खोजी अझै जारी छ । कसैको हातमा आफ्नो घरको चाबी छ, तर घर छैन । कसैको आँखामा भविष्यको सपना छ, तर त्यो सपना थिचिएको छ भग्नावशेषमुनि । बाढीले माटो, ढुंगा र घर मात्र बगाएको छैन । यसले मानिसका वर्षौंका सपना, सम्झना र सम्बन्धमाथि पनि प्रहार गरेको छ ।

तर यही अँध्यारोबीच मानवताको उज्यालो पनि देखिएको छ । सुरक्षाकर्मीहरू आफ्नो ज्यानको पर्वाह नगरी उद्धारमा खटिएका छन् । स्थानीय नागरिकहरू आफ्ना दुःख बिसेर अरूको जीवन बचाउन दौडिएका छन् । चिकित्सक, स्वास्थ्यकर्मी, स्वयंसेवक, सञ्चारकर्मी र विभिन्न संघसंस्था रातदेखि उद्धारमा जुटेका छन् । छिमेकी देश तथा विदेशी सहयोगीहरूले समेत आवश्यक अनुमति र समन्वयमार्फत उद्धार तथा राहतमा हात बढाएका छन् । विपत्तिले सीमा, भाषा र पहिचान भन्दा माथि उठेर मानिस हुनुको अर्थ सम्झाइरहेको छ ।

यो समय कसैलाई दोष दिनेभन्दा पनि हातेमालो गर्ने समय हो । हामी सबैले आफ्नो क्षेत्रबाट सक्ने सहयोग गर्न सक्छौं । कसैले राहत सामग्री दिन सक्छ, कसैले आर्थिक सहयोग गर्न सक्छ, कसैले स्वयंसेवक बनेर समय दिन सक्छ, कसैले सही सूचना फैलाएर सहयोग गर्न सक्छ । तर सबैभन्दा ठूलो कुरा पीडितको पीडालाई आफ्नो पीडा सम्झिनु हो । आज उनीहरूको घर बगेको छ, भोलि यस्तो विपत्ति हाम्रो ढोकासम्म पनि आइपुग्न सक्छ । त्यसैले संकटमा परेका नेपाली लाई एक्लो छोड्ने होइन, उनीहरूको साथमा उभिने जिम्मेवारी हामी सबैको हो ।

हामी साँच्चै कस्तो समाज हौं भन्ने परीक्षा यस्तै कठिन समयमा हुन्छ । सुखमा साथ दिने मानिस धेरै हुन्छन्, तर दुःखमा हात समाउने मानिस नै आफ्नो हुन् छ । अहिले हजारौं परिवारलाई हाम्रो एउटा सानो सहयोग पनि ठूलो आशा बन्न सक्छ । एउटा कम्बल, एक बोरा खाद्यान्न, एउटा औषधि, केही रुपैयाँ वा केही घण्टाको श्रम-पीडितका लागि त्यो जीवनसँग जोडिएको सहारा बन्न सक्छ । त्यसैले आफ्नो क्षमता र परिस्थितिअनुसार सहयोग गरौं । राहतका नाममा हुने गलत सूचना र अफवाहबाट जोगिँदै विश्वसनीय माध्यमबाट मात्रै सहयोग गरौं ।

दुई दिनको रंगमञ्चमा हामी सबै आ-आफ्नो भूमिकामा थियौं । कसैले हाँस्यौं, कसैले रमायौं, कसैले आफ्नो संसारमा व्यस्त भयौं । तर पर्दा झरे पछि वास्तविक जीवन देखियो कतै चित्कार, कतै आँसु, कतै प्रतीक्षा र कतै मौनता । अब प्रश्न एउटै छ- यो पीडामा हामी दर्शक बनेर बस्ने कि एउटाको आँसु पुछ्ने हात बन्ने ? देश संकटमा छ । आज पीडितलाई हाम्रो साथ चाहिएको छ ।

भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढि क्षति हुन्छ ।
- घर जस्ता संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधि बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र घर बनाऔं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्व तयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावि भाग्ने र दौडने नगरौं ।
- धैर्यतापूर्वक वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठेरो परेकालाई सहयोग गरौं ।

ठुलीभेरी नगरपालिका, डोल्पा

युवा सशक्तिकरण गरौं

युवा सशक्तिकरण किन :

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सेचत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन ।

डोल्पोबुद्ध गाउँपालिका, डोल्पा

बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

जगदुल्ला गाउँपालिका, डोल्पा

शिक्षासम्बन्धी संवैधानिक हक

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत शिक्षामा पहुँच हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ ।
- अपांगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- प्रत्येक समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

मौसम सम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं ।

- मौसम तथा जलवायु सम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरुपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपनमा सक्रिय सहभागिता जनाऔं,
- उर्जा बचत र स्वच्छ उर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदुषण नियन्त्रणमा जिम्मेवार बनौं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

विपत्तिविरुद्ध सामूहिक एकता

- विनोद न्यौपाने

नेपाल-चीन सीमास्थित भोटेकोशी नदीमा आएको अकल्पनीय विपत्तिले आमनेपालीलाई दुःखित तुल्याएको छ । जनधनको ठुलो नोक्सान भएको छ । पाकाहरू भन्छन्, "यो प्रकृतिको विपत्ति यसअघि कहिल्यै सहनु परेको थिएन ।" विपत्तिले पीडाबोध गराए पनि यसको सामना गर्न हामी नेपाली एक ठाउँमा छौं भन्ने सन्देश प्रवाह हुनु खुसीको विषय हो । यो हाम्रो परिचय मात्रै नभई संस्कार र संस्कृति पनि हो । अप्ठ्यारोमा संसारको विश्वास एकताको बलमा मात्रै जित्न सकिन्छ । नेपाली पहिचान पनि यसैले सुरक्षित गराएको छ । हामी सम्पन्न छैनौं, त्यसैले त अप्ठ्यारोमा सबैको साथ र सहयोगको अपेक्षा गर्छौं । सरकार, राजनीतिक दल र आमनागरिक एक ठाउँमा उभिएर विपत्तिको पार लगाऔं । भावनामा होइन, यथार्थमा अडिएर सहुलियत र पुनर्स्थापनाका ठोस नीति तथा कार्यक्रम घोषणा गरौं । नियमन र निगरानी संयन्त्रलाई पनि स्थानीय सरकारसँगसँगै परिचालन गरौं ।

अप्ठ्यारोमा परिवारको मात्रै होइन, छिमेकीको सहयोग पनि झन् बढी अपेक्षित हुन्छ । हाम्रा दुई विशाल छिमेकी सम्पन्न छन् । नेपालमा परे को विपत्तिको मिलेर सामना गर्न जस्तोसुकै सहयोग गर्न पनि हामी तयार छौं भन्ने सन्देश दुवै देशबाट प्राप्त भएको छ । पहिलो चरणमा उद्धार तथा राहतको सामग्री आइसके को छ । हामीले अप्ठ्यारोमा मात्रै हो इन, सजिलोमा पनि छिमेकीको साथ र सहयोग पाइरहने वातावरण बना उनु पर्छ ।

चीन र भारतसँग ससाना विषयमा टीकाटिप्पणी गर्ने गलत अभ्यास छाड्नु पर्छ । राष्ट्र विपत्तिमा रहेका बे ला सामाजिक सञ्जालमार्फत भारत, चीन र अमेरिकाको पक्षविपक्ष अनाव श्यक बहस गर्ने कदापि देशभक्त हुन सक्दैनन् । कतिपय बौद्धिकका नाममा थोपरिएका अर्ती उपदेशले छिमे कीसँगको कूटनीतिक सम्बन्ध बलियो हुँदैन भन्नेबारेमा हामी सबै गम्भीर बन्नु पर्छ । राष्ट्र अप्ठ्यारोमा परेका बेला खेल्ने हुन्छन् नै, राज्यका सबै संयन्त्रले विशेष सजगता अपनाउनु पर्छ ।

अप्ठ्यारोमा साथ खोज्ने र सजिलोमा अनावश्यक टिप्पणी गर्ने हाम्रो आदत नै बसेको छ । छिमेकीसँगको सम्बन्ध मा मात्रै होइन, देशका मूल खम्बा मानिने संस्थाप्रति पनि नकारात्मक टिप्पणी हुँदै आएका छन् । अप्ठ्यारोमा आफ्नो उपयोगिता सिद्ध गर्दै आएको नेपाली सेना एउटा उदाहरण हो । जब देशमा विपत्ति आइलाग्छ, अग्रपङ्क्तिमा सेनाकै उपस्थिति हुन्छ । रसुवा बाढीमा फसेका व्यक्तिको उद्धारमा से नाले देखाएको साहस, समर्पण र मान वीय भावनाले सबैको विश्वास जिते को छ । भारतीय विदेशमन्त्रीले पनि सेनाको उच्च प्रशंसा गरेका छन् । कठिन भूगोलमा पनि ज्यान जोखिममा राखेर सरकारको सक्रियता, नेपाली से नालगायत सबै सुरक्षा संयन्त्रले उद्धार मा देखाएको तदारुकता साँच्चिकै तारि फयोग्य छ । पुराना उद्धार सामग्रीको सहारा, असुरक्षा, भोको पेट र चौबिसै घण्टा अनिदो खट्नुपर्दा कति कठिन भएको होला ? सुरक्षा संयन्त्रबारे नकारात्मक टिप्पणी गर्ने पनि यतिबे ला नतमस्तक छन् ।

सुरक्षा संयन्त्रको मानमर्दन भए राष्ट्र कमजोर हुन्छ । राष्ट्रियता कमजोर बनाउन प्रयोग हुनेहरू सेनाको बदना म गर्न कोसिस गर्छन् । सेनाको मनो बल गिराउने होइन, उठाउने काम गरे राष्ट्रियता बलियो हुने छ । सेना कसै बाट प्रभावित पनि हुँदैन र कसैको पक्ष विपक्षमा पनि उभिँदैन । आजसम्मको अभ्यासले त्यही देखाएको छ । राष्ट्र र सेनामाथिको प्रहार संसारका कुनै पनि देश र नागरिकले सह्य मान्दै नन् । संसारभर राष्ट्रिय सेनाको विरो ध गरिन्न । अवकाशप्राप्त सेनाको पनि सम्मान गरिन्छ ।

भारतका एक पूर्वस्थल सेनाध्यक्षले एउटा पुस्तक निकाले । पुस्तकबारे कुनै एउटा राजनीतिक दलको पात्रले प्रश्न उठायो । त्यो प्रश्नविरुद्ध सिङ्गो समाज एकजुट भएर खनियो । पूर्वसै निक मात्र होइन, आमनागरिकले नै यो विरोध कृतिका लेखकको नभई सिङ्गो भारतको हो भनेर त्यो प्रश्न निस्तेज बनाए । देशका लागि लडे को सैनोबारे टिप्पणी गर्नुहुन्न भन्ने मनोविज्ञान बलशाली बन्यो । पूर्वसै निक नेतृत्वको पुस्तकमाथि प्रश्न उठा उँदा तिनको राजनीतिक भविष्यसमे त ओझेलमा पऱ्यो । सैनिक सङ्गठन वा पूर्वसैनिकबारे कसैले अनावश्यक टिप्पणी गऱ्यो भने कसैले पनि सहन सक्दैन । सेनाबारे कुनै प्रश्न उठे भने सार्वजनिक रूपमा प्रतिवाद गर्न पाइँदै न ।

राजनीति गर्ने मान्छेले राजनीतिक संयन्त्रमार्फत सुरक्षा संयन्त्रमाथि उठे/उठाइएका प्रश्नको समाधान खो ज्नु पर्छ । सेनालाई सार्वजनिक रूपमा गाली गर्नु हुन्न । संसारभर कहीं पनि बौद्धिक वर्ग, नागरिक वा अरू कसैले सेनाबारे कुनै टिप्पणी गरेको सुनिन्न । एउटा अवकाशप्राप्त सैनिकलाई पनि आजीवन सम्मान गर्ने प्रचलन छ । जसले हाम्रो देशको रक्षाका लागि लडे को छ, उसको सम्मान गर्नु पर्छ भन्ने मनोविज्ञान विकसित छ । बेलायत, युरोप र अमेरिकामा त्यहीं जन्मिएको मान्छे मात्रै होइन, आप्रवासी पनि त्यहाँको सेनामा काम गरेको छ भने उसको पनि आजीवन सम्मान गरि न्छ । विदेशमा जन्मिएर पनि हाम्रो दे शको रक्षाका लागि लडेको छ भन्ने सहानुभूति हुन्छ ।

नेपालमा सेनाबारे अनावश्यक टिप्पणी गरिन्छ । निर्देशित चरित्र बोकेका बौ द्धिक भनिनेहरू पनि सेनाको संवेदन शीलता बुझ्दैनन् । देशभक्त नेपालीले भने विरोध गरिएको सुनिन्न । हो, से नाले कुनै गल्ती नै गर्दैन भन्ने हो इन, उसलाई पनि समय समयमा सचेत गराउनु पर्छ । सेना वा कुनै पनि सुरक्षा निकायबाट कमजोरी भयो भने राजनीतिक संयन्त्रबाट त्यसको समाधान खोजिनु पर्छ । सार्वजनिक रूपमा गरिने आलोचनाले सुरक्षा संयन्त्रको मनोबल मात्रै कमजोर बनाउँदैन, राष्ट्रिय अस्तित्वमाथि नै प्रश्न उठाउँछ । अनुशासनमा बस्नुपने सेनाको प्रकृति हो । सेना विपत्तिमा नागरिकको कल्याणका लागि खटिएको छ । राष्ट्र अप्ठ्यारोमा परेका बेला नागरिकलाई पूर्ण भरोसा दिएको छ । उसले आफ्नो क्षेत्राधिकार नाघेको छै न । संविधानप्रति ऊ सधैं पूर्ण बफा दार छ । आफूविरुद्धका टिप्पणीको से नाले प्रतिवाद गर्दैन, उसले नबोलेरै सन्देश दिन्छ ।

सेनासँग संवाद वा आलोचना गर्दा अन्तर्राष्ट्रिय अभ्यास, राष्ट्र र नागरि कको मनोविज्ञानबारे पनि सचेत हुन सिकौं । सेनाले राष्ट्र र नागरिकको अहित हुने काम गर्दैन/गरेको छैन । व्यवस्थापनमा कहींकतै समस्या छ भने राजनीतिबाट त्यसको समाधान खोजौं, आलोचनामा उत्रने होइन । राजनीति गर्ने मान्छेले राजनीतिक बाटोबाटै समस्याको समाधान खोज्नु पर्छ । परिपक्वता भनेको त्यही हो । परिपक्वता उमेरले होइन, व्यवहारले देखाउने हो ।

विपत्तिमा राष्ट्रियता कमजोर बनाउने हरू सक्रिय हुन्छन्, यसविरुद्ध हामी एक ठाउँमा उभिनु पर्छ । राष्ट्रियता भनेको राष्ट्रिय भावना हो भने रा ज्य भनेको कानुनी संयन्त्र । संसारको जुनसुकै कुनामा बसेको भए पनि ने पाली भनेपछि कता कता भावनाले काम गर्छ । ..... (गोपबाट)

मानवअधिकारको सम्मान गरौं

- मानवअधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जात, धर्म, भाषा, लिंग वा वर्णको आधार मा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्धारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं,
- मानवअधिकारको उल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं ।

मानवअधिकारप्रति सचेत रहौं ।

मुड्केचुला गाउँपालिका, डोल्पा

पूर्ण सरसफाइका लागि हामी र हाम्रो सामुदाय प्रतिबद्ध छौं ।

पूर्ण सरसफाइका ५+१ विषय र सूचकहरू



१) चर्पीको प्रयोग
- सबैले सँधै चर्पीमा दिसा पिसाब गर्ने गरेको
- चर्पीको सरसफाइ नियमित गर्ने गरेको
- चर्पीको लागि साबुन र पानीको व्यवस्था भएको



२) साबुन पानीले हात धुने बानी
- चर्पीको प्रयोग पछि,
- खाना बनाउनु, खानु र खुवाउनु अघि
- कुनै फोहर कुरा/विषादी छोएपछि तथा
- बिरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछि



३) सुरक्षित पानी
- पानी पिउने, खनाउने, राख्ने भाँडो सफा र छोपेर राखेको
- सुरक्षित मुहान/वितरण प्रणालीको पानी पिउने गरेको/घरायसी तहमा शुद्धिकरण गरेर मात्र पिउने बानी भएको



४) सुरक्षित खाने गरेको
- भान्सा कोठा सफा राख्ने
- पकाएको र नपकाएको खानेकुरालाई छुट्टा छुट्टै राख्ने
- राम्ररी पकाउने
- उपयुक्त तापक्रममा राखी संरक्षण गर्ने
- सुरक्षित पानी र खाद्य वस्तुको मात्र प्रयोग गर्ने



५) सफा घर आँगन
- घर आँगन सधैं सफा गर्ने गरेको
- घरबाट निस्कने फोहरको वर्गीकरण तथा व्यवस्थापन गर्ने गरेको
- घरबाट निस्कने फोहर पानीको व्यवस्थापन गर्ने गरेको
- पशुपंछीका लागि छुट्टै टहरा/गोठ/खोर बनाई मलमुत्रको व्यवस्थापन गर्ने गरेको
- धुवाँरहित भान्साकोठा



६) सफा वातावरण
- खुल्ला दिसा मुक्त अवस्था भएको गाउँ
- सफा बाटो-घाटो, चौतारा तथा अन्य सार्वजनिक स्थानहरु
- संरक्षित पानीका मुहानहरु र वितरण प्रणाली
- सफा खोला, नदी नालाहरु
- वायु प्रदूषण नभएको
- फोहरमैलाको व्यवस्थापन भएको
- हरियाली वातावरण/पार्कको व्यवस्था भएको

खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय
डोल्पा
फोन नं.: ०८७-५५०१३८

साना सुधार : ठुला अनुभूति

- नवराज ढकाल(गोप)

.. .. सम्मान हो। सरकारी कार्यालयमा काम ढिला हुनु केवल प्रशासनिक समस्या होइन, त्यो कुनै नागरिक, व्यवसायी, संस्था वा समुदायको काम रोकिएको अवस्था हो, त्यसको प्रत्यक्ष र अप्रत्यक्ष असर शासकीय र आर्थिक मूल्यको रूपमा देखा पर्दछ ।

कार्यप्रक्रिया पुनर्संरचना भनेको पुरानो प्रक्रियालाई कम्प्युटरमा सार्नु मात्र हो इन । 'यो चरण किन चाहियो ?', 'यो कागज किन चाहियो ?', 'यो स्वीकृति कसका लागि हो ?', 'सरकारसँग पहिले नै भएको सूचना नागरिकबाट फेरि किन मागियो ?' भन्ने प्रश्न सो धेर प्रक्रियालाई पुनः डिजाइन गर्नु हो । यदि एउटा प्रमाणपत्र बनाउन पाँच चरण आवश्यक छ भने त्यसलाई तीन चरणमा झार्न सकिन्छ कि सकिँदैन ? दुई सरकारी कार्यालयबिच हुने सूचना आदानप्रदानका लागि नागरिकले भौतिक रूपमा लैजानुपर्ने कागजलाई डिजिटल माध्यमबाट पठाउन सकिन्छ कि सकिँदैन ? एउटै विवरण पटक पटक माग्नुको सट्टा एक पटक सङ्कलन गरेर विभिन्न सेवामा प्रयोग गर्न सकिन्छ कि सकिँदैन ? यस्ता प्रश्नको समाधान नीति कानुनमा सुधार नगरी तत्कालै सुधार गर्न सकिन्छ । यी व्यवस्थाले सरकारप्रतिको नागरिक दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउन मद्दत पुऱ्याउँछ ।

सरल र सहज सेवा प्रवाह

नेपालले डिजिटल सार्वजनिक सेवा तर्फ महत्वपूर्ण आधार तयार गरिसके को छ । हाल विभिन्न सरकारी तथा सार्वजनिक निकायका कैयौँ अनला इन सेवाको गेटवेका रूपमा नागरिक एप सञ्चालनमा रहेको अवस्था छ । प्यान दर्ता, प्रहरी चारित्रिक प्रमाणपत्र, सवारी चालक अनुमतिपत्र, ट्राफिक जरिबाना भुक्तानी, श्रमसम्बन्धी सेवा, राष्ट्रिय परिचयपत्रलगायत सेवा एउटै डिजिटल माध्यमबाट उपलब्ध गराउने प्रयास भइरहेको छ । यो महत्वपूर्ण उपलब्धि हो । जटिल प्रक्रियालाई डिजिटल प्रणालीमा रूपान्तरण मात्र गर्दा नागरिकले 'डिजिटल झन्झट पाउने अवस्था आउन नदिन प्रक्रिया सरल बनाई डिजिटल सुधार' को काम अघि बढाउनु आवश्यक हुन्छ । सेवासँग सम्बन्धित सरकारसँग भएको सूचना सरकारले स्वतः प्रयोग गर्ने व्यवस्था मिलाउने तथा नागरिकले भौतिक वा डिजिटल रूपमा पनि एउटै प्रमाण वा कागजात पटक पटक पेस गर्न नपने व्यवस्था तथा सेवा लिन कार्यालय आउनै नपर्ने, आउनैपर्ने भए पनि आउने पटक घटाउने गरी प्रक्रिया सरल बनाउन सकिन्छ ।

प्रविधि, बजेट र संरचनाभन्दा पनि कर्मचारीको व्यवहार सार्वजनिक से वाको सबैभन्दा महत्वपूर्ण पक्ष हो । नागरिकलाई सम्मानपूर्वक सम्बो धन गर्नु, उसको कुरा पूरा सुन्नु, सही काउन्टर देखाइदिनु, गलत ठाउँ मा आएको नागरिकलाई फर्काएर मात्र नपठाई सही ठाउँसम्म पु-याउनु, लक्षित समूह, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिनु- यी कामको लागि ठुलो बजेट आवश्यक पर्दैन तर यी कामको प्रभाव ठुलो हुन्छ । त्यसैले सेवा सुधारलाई केवल प्रणाली सुधार का रूपमा होइन, कार्यसंस्कृति सुधार का रूपमा पनि हेर्नु पर्छ । कार्यालय प्रमुखले दैनिक १५ मिनेट सेवा प्रवाहको समीक्षा गर्ने, गुनासो र पे न्डिङ फाइल हेर्ने, भिड भएको ठाउँमा उपलब्ध जनशक्ति तत्काल परिचालन गर्ने जस्ता व्यवस्थापनका अभ्यासले पनि उल्लेखनीय परिवर्तन ल्याउन सक्छन् । 'काम भइरहेको छ भन्ने मात्र पर्याप्त हुँदैन । नागरिकको अनुभव कति बदलियो ?' भन्ने प्रश्नको उत्तर पनि खोज्नु पर्छ । त्यसका लागि औसत प्रतीक्षा समय, अपूर्ण कागजा तका कारण फर्किने सेवाग्राहीको सङ्ख या, एउटै सेवाका लागि दोहोरिएको भ्रमण, गुनासो समाधानमा लाग्ने समय र सेवाग्राही सन्तुष्टि जस्ता सरल सूचक प्रयोग गर्न सकिन्छ । यसले सुधारलाई अनुभूति मात्र हो इन, तथ्यमा पनि आधारित बनाउँछ । साना सुधार अभियान अन्तर्गत पहिलो केही दिनमा प्रमुख समस्या पहिचान, त्यसपछि समस्याको तत्काल समाधा नका उपाए, प्रक्रिया सरलीकरण, कर्मचारी जवाफदेहिता तथा सुधार लाई निरन्तरता दिनु आवश्यक हुन्छ । यो अभ्यासलाई प्रत्येक कार्यालयको नियमित व्यवस्थापन संस्कार बनाउनु आवश्यक हुन्छ ।

सुधारको अनुभूति नै सुशासन

सरकारका नीति, कार्यक्रम र अभिया(नको अन्तिम परीक्षा नागरिकको सर कारले दिने सेवा प्राप्त गर्दाको अनुभव हो । शासकीय सुधारका एक सय कार्यसूची, सुशासन मार्गचित्र, शून्य बाँकी फाइल अभियान, कार्य प्रक्रिया पुनर्संरचना, डिजिटल सेवा विस्तार र प्रशासनिक पुनर्संरचना जस्ता पहल नागरिकले कार्यालयमा परि वर्तनको अनुभूति गरेमा मात्र सार्थक हुन्छन् । बदलिँदो नेपाललाई अब के वल 'सरकारले के घोषणा ग-यो ?' इन, तथ्यमा पनि आधारित बनाउँछ ।

डोल्पो क्याम्पस
दुनै, डोल्पा
नयाँ सदस्यता लिन निवेदन दिने सम्बन्धी सूचना

प्रस्तुत विषयका सम्बन्धमा त्रिवि वाट सम्बन्धन प्राप्त गरी अति दुर्गम जिल्ला डोल्पामा २०६१ साल देखि स्नातक तह(बि.एड.)को कार्यक्रम संचालन गर्दै आएको यस सामुदायिक क्याम्पस, डोल्पो क्याम्पस डोल्पाको मिति २०८३/०४/०५ गते बसेको क्याम्पस संचालक समितिको बैठकले यस क्याम्पसको विधान-२०६१ (संशोधन २०८१) मा व्यवस्था भए अनुसारका तपशील बमोजिमका सदस्यता लिन चाहने विधान बमोजिम यो ग्य र इच्छुक नेपाली नागरिकहरुलाई २०८३ असोज मसान्त भित्र सदस्यता लिन खुला गर्ने निर्णय गरिएकाले उक्त मिति भित्र योग्य इच्छुक नेपाली नागरिकहरुले आवश्यक शुल्क, कागजात सहित निवेदन दिनुहुन सबैमा यसै सूचना मार्फत हार्दिक अपिल गरिन्छ । विधान बमोजिमको योग्यता नपुगे सदस्यता स्वीकृत हुन नसक्ने पनि जानकारी गराइन्छ ।

तपशील

१) साधारण सदस्य : शुल्क रु. ५,०००।(पाँच हजार), हरेक वर्ष नविकरण गराउनु पर्ने ।
२) आजीवन सदस्यः शुल्क व्यक्ति रु. ५०,०००।(पचास हजार), संस्था रु.१,००,०००।(एक लाख)
३) विशिष्ट आजीवन सदस्यः शुल्क व्यक्ति रु.१,००,०००।(एक लाख), संस्था रु.२,००,०००।(दुई लाख)
४) आजीवन श्रेयस्कर सदस्य : शुल्क व्यक्ति रु.३,००,०००।(तीन लाख), संस्था रु.१०,००,०००।(दश लाख)

क्याम्पस प्रमुख
डोल्पो क्याम्पस दुनै, डोल्पा
मोवाइल नं. ९८५८३६६१५९

भू-संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरु :

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुंगा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरु अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

काइके गाउँपालिका, डोल्पा

आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं ।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछाडौं ।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

जडीबुटी समृद्धिको आधार

- रघुराम पराजुली

पारिस्थितिक प्रणालीगत विविधता ले नेपाललाई औषधीय तथा सुगन्धित वनस्पतिको दृष्टिले अत्यन्त सम्भावनायुक्त बनाएको छ तर सम्भावनालाई के कति उपयोग गर्न सकिएको छ भन्ने विषय फरक हो। हामीकहाँ अपार स्रोत छ तर स्रोतलाई उच्च मूल्यमा रूपान्तरण गर्ने प्रणाली संस्थागत हुन सकेको छैन। यसका कारण जडीबुटी तथा सुगन्धित वनस्पति स्रोतबाट अपेक्षित लाभ लिन सकिएको छैन। जडीबुटी वनमा पाइने वनस्पति वा बजारमा बेचिने कच्चा पदार्थ मात्र होइनन्, जैविक विविधता, स्थानीय समुदायको परम्परागत ज्ञान, ग्रामीण जीवन, रोजगारी, आयआर्जन र उद्यमशीलताको सम्भावना पनि हुन्। कतिपय वनस्पति स्थानीय समुदायका लागि औषधी हुन्, खाद्य स्रोत हुन्, कतिपय संस्कृतिसँग जोडिएका छन्। यसका साथै धेरै जडीबुटी औषधी तथा औद्योगिक उत्पादनका सम्भावित कच्चा पदार्थ पनि हुन्। जडीबुटी नेपालको प्राकृतिक पुँजी मात्र नभई अर्थतन्त्रलाई जोड्ने सबल र सम्भावनायुक्त माध्यम पनि हुन्।

नेपाल जडीबुटी स्रोतमा धनी छ, समस्या उत्पादनदेखि बजारसम्म देखिन्छ। धेरै औषधीय वनस्पति अझै जङ्गली स्रोतमा निर्भर छन्। सङ्कलन व्यवस्थित छैन, गुणस्तर कायम छैन, प्रशोधन र भण्डारणका पूर्वाधार पर्याप्त छैनन्। वैज्ञानिक प्रमाण र मानकीकरण सबल बन्न सकेका छैनन् र भरपर्दो एवं विश्वासिलो बजार को सुनिश्चितता छैन। तथापि सम्भावना भने अपार नै देखिन्छ। नेपालका लागि जडीबुटी तथा सुगन्धित वनस्पतिको उत्पादन तथा व्यापारको हिसाबले विश्वमै प्रथम र दोस्रो स्थान मा रहेका दुई छिमेकी मुलुक चीन र भारतको बजार सुनौलो अवसर हो।

वनस्पति विभागले वनस्पति स्रोतको अन्वेषण, पहिचान, संरक्षण, अनुसन्धान, नर्सरी, खेती प्रविधि तथा प्राविधिक सेवा प्रदान गर्छ। वनस्पति अनुसन्धान केन्द्रले स्थानीयस्तरमा गुणस्तरीय जडीबुटी बिरुवा उत्पादन, वितरण, खेती प्रविधि विकास र तालिमको काम गर्छ। जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीले पनि उत्पादन, सङ्कलन, प्रशोधन र हर्बल उत्पादनका क्षेत्रमा सरकारी प्रयासलाई प्रतिनिधित्व गर्छ। सङ्घीय सरकारका कृषि, वन तथा वातावरण मन्त्रालय, आयुर्वेद तथा स्वास्थ्यसम्बन्धी निकाय, प्रदेश र स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, किसान, सङ्कलक, जडीबुटी सहकारी, विश्वविद्यालय, अनुसन्धान संस्था, निजी क्षेत्र, गैरसरकारी संस्था तथा विकास साझेदारले पनि यस क्षेत्रमा प्रत्यक्ष परोक्ष केही न केही काम गरिरहेका छन्। तथापि आशातीत उपलब्धि हात पार्न सकिएको छैन।

उच्च माग भएका, खेती सम्भव भएका, वैज्ञानिक सम्भावना देखिएका र संरक्षणका दृष्टिले सुरक्षित रूपमा उपयोग गर्न सकिने प्रजातिलाई प्राथमिकतामा राखेर काम गर्नु आवश्यक छ। कुन वनस्पति प्रजातिमा कुन प्रकारको सारतत्व छ, यसको उपयोगिताबारे गहन अध्ययन तथा विश्लेषण हुनु पर्छ। प्राकृतिक अवस्थामा वनजङ्गलमा उपलब्ध स्रोतको अत्यधिक दोहन हुँदै जाने तर यस्ता जडीबुटी तथा गैरकाष्ठ वनपैदावारको अध्ययन अनुसन्धान एवं खेती प्रविधि विकास गरी घरेलुकरण हुन सकेन भने महत्वपूर्ण स्रोत लोप हुन सक्छन्। जडीबुटीको उपयोग तथा संरक्षणमा स्थानीय समुदायको भूमिका महत्वपूर्ण हुन्छ। स्थानीय तथा आदिवासी समुदायलाई केवल सङ्कलकको भूमिकामा मात्र राखेर मूल्याङ्कन गरिनु हुँदैन। उनीहरूलाई स्रोतका संरक्षक, उत्पादक, प्राथमिक प्रशोधक र उद्यमीका रूपमा पनि लिइनु पर्छ। सामुदायिक वन उपभोक्ता समूह, किसान समूह र सहकारीलाई जडीबुटी बिरुवा उत्पादन, खेती, सङ्कलन, उपचार, भण्डारण तथा प्रशोधनसँग जोड्नु पर्छ। स्थानीय तथा आदिवासी समुदायको परम्परागत ज्ञानको सम्मान, संरक्षण र उचित लाभ बाँडफाँटको दृष्टिले न्याय दिलाउने उचित प्रबन्ध हुनु आवश्यक छ। जैविक स्रोत तथा सम्बद्ध परम्परागत ज्ञानको पहुँच, पूर्वसूचित सहमति र लाभ बाँडफाँटसम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था शीघ्र तर्जुमा हुनु अपरिहार्य छ।

सङ्घीय सरकारले राष्ट्रिय नीति, अनुसन्धान प्राथमिकता, संरक्षण तथा दिगो सङ्कलनका मापदण्ड, गुणस्तर र प्रमाणीकरणका आधार तथा अन्तर्राष्ट्रिय बजार सहजीकरणमा नेतृत्व गर्नु पर्छ। प्रदेश सरकारले आफ्नो भूगोल र पारिस्थितिक सम्भावना अनुसार प्राथमिकताप्राप्त प्रजाति छनोट गरी जडीबुटी खेती विस्तार तथा प्रशोधन पूर्वाधारमा लगानी गर्नु पर्छ। स्थानीय तहले समुदाय र किसानसँग प्रत्यक्ष काम गर्दै स्रोत नक्साङ्कन, नर्सरी, खेती समूह, सङ्कलन केन्द्र, भण्डारण र स्थानीयस्तरमा जडीबुटी उद्यम विकास गर्ने गरी नीति तथा कार्यक्रम तय गर्न सक्छन्। नेपालमा जडीबुटीको मुख्य बजार भारतमा निर्भर छ भने बजारको अस्थिरताले कृषक र व्यवसायी निरुत्साहित छन्। यसलाई समाधान गर्न स्वदेशी आयुवेदिक कम्पनीहरूले स्थानीय कच्चा पदार्थ प्रयोग गर्ने अनिवार्य नीतिगत प्रबन्ध गर्नु पर्छ। यसै गरी आन्तरिक खपत बढाउने ठोस कार्यक्रम ल्याएमा मात्र जडीबुटी व्यवसाय दिगो र व्यवस्थित बन्न सक्छ।

बजारको सुनिश्चितता, बजार सूचना, मूल्य पारदर्शिता, करार खेती तथा दीर्घकालीन खरिदसम्बन्धी व्यवस्था आवश्यक छ। प्रशोधन, ब्रान्ड निर्माण, प्रमाणीकरण र निर्यातमुखी उत्पादन तथा विकासमा लगानी गर्न निजी क्षेत्रलाई उत्साहित वातावरण बनाउनु पर्छ। सरकारी निकाय, विश्वविद्यालय, अनुसन्धान संस्था, प्रदेश तथा स्थानीय तह, समुदाय, सहकारी, निजी क्षेत्र र विकास साझेदारलाई जडीबुटी प्रवर्धनका लागि जडीबुटीसम्बन्धी नीति अद्यावधिक गरिनु आवश्यक छ। राष्ट्रिय जडीबुटी तथ्याङ्क प्रणाली निर्माण गर्नु आवश्यक छ। कुन प्रजाति कहाँ पाइन्छ, प्राकृतिक स्रोतको अवस्था कस्तो छ, कति खेती भइरहेको छ, कति सङ्कलन हुन्छ, मूल्य कति छ, संरक्षण अवस्था के छ र बजार कहाँ छ भन्ने विषय अद्यावधिक र सर्वसुलभ भयो भने जडीबुटी खेतीतर्फ आफैँ आकर्षण बढ्न सक्छ।

जडीबुटी तथा गैरकाष्ठ वनपैदावार विकास नीति, राष्ट्रिय वन नीति, वन ऐन तथा नियमावलीले आधार तयार गर्छन्, यसको सामयिक परिमार्जन जरुरी छ। जडीबुटीसम्बन्धी उपयोगको ज्ञानको अभिलेखीकरण गरिनु पर्छ। 'मेक इन नेपाल' र 'मेड इन नेपाल' लाई प्रभावकारी ढङ्गले कार्यान्वयनमा लैजान तहगत सरकार र सरोकारवाला सबै पक्षसँग सबल समन्वय आवश्यक छ।

साभार: गोरखापत्रअनलाइन

जनहितमा जारी सूचना

घरघरमा सफा पानी स्वच्छ जिन्दगानी,
सिंचाई गरौं, उत्पादन बढाऔं बेरोजगार घटाऔं,
दिगो विकासको मुख्य आधार स्वच्छ
खानेपानी र सरसफाई युक्त बानी व्यवहार ।
खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय
दुनै, डोल्पा

डोल्पो क्याम्पस
दुनै, डोल्पा
सदस्यता नविकरण गराउने सम्बन्धी सूचना

प्रस्तुत विषयका सम्बन्धमा त्रिवि बाट सम्बन्धन प्राप्त गरी अति दुर्गम जिल्ला डोल्पामा २०६१ साल देखि स्नातक तह(बि.एड.)को कार्यक्रम संचालन गर्दै आएको यस सामुदायिक क्याम्पस, डोल्पो क्याम्पस डोल्पाका सम्पूर्ण साधारण सदस्यहरुले त्रि.वि.बाट स्वीकृत यस क्याम्पसको विधान २०६१ (संशोधन २०८१) बमोजिम हरेक आर्थिक वर्षमा रु. १०००।(एक हजार) शुल्क जम्मा गरेर सदस्यता नविकरण गराउनु पर्ने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम २०८३/०४/०५ गते बसेको क्याम्पस संचालक समितिको बैठकले साधारण सदस्यता नविकरण गराउने निर्णय भए अनुसार सम्पूर्ण साधारण सदस्यहरुलाई मिति २०८३ असोज मसान्त भित्र वार्षिक १०००। का दरले अधिवेशन २०८०/१२/१५ पछि २०८१, २०८२ र २०८३ गरी ३ वर्षको रु.३०००। (तीन हजार) नविकरण शुल्क तिरेर आ-आफ्नो सदस्यता नविकरण गराउनु हुन हार्दिक अनुरोध छ।

यस क्याम्पसको विधान-२०६१(संशोधन २०८१) बमोजिम ५०००। (पाँच हजार) देखि ४९,९९९। (उनन्पचास हजार नौ सय उनान्सय) सहयोग गरेका सबै सदस्यहरुलाई साधारण सदस्य मानेको र साधारण सदस्यहरुले हरेक आर्थिक वर्ष रु. १०००। (एक हजार) नविकरण शुल्क तिरेर सदस्यता नविकरण गराउनु पनेव्यवस्था रहेको स्मरण गराउदै। निकट भविश्यमा क्याम्पसको अधिवेशन सभा हुने भएकाले तोकिएको मिति भित्र नविकरण नगरे सदस्यबाट नाम हट्ने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

क्याम्पस प्रमुख
डोल्पो क्याम्पस दुनै, डोल्पा
मोवाइल नं. ९८५८३६६१५९